# अर्थ बुलेटिन

वर्ष १ अंक २ भाद्र, २०७६

## नेपाल सरकार
## अर्थ मन्त्रालय



## सम्पादकीय

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो दुई महिनामा मुख्य आर्थिक परिसूचकहरु सकरात्मक रहेका छन्। राजस्व परिचालनमा वृद्धि भएको छ। स्थायी लेखा नम्बर लिने करदाताहरुको संख्या उत्साहजनक रुपमा बढेको कारण करको दायरामा थप विस्तार भएको छ। वैदेशिक अनुदान र ऋण प्राप्तिमा वृद्धि भएको छ। पछिल्ला वर्षहरुमा वस्तु आयात उच्च दरले बढ्ने गरेकोमा चालु आर्थिक वर्षको पहिलो महिना देखिनै यस्तो आयात निरन्तर घट्दै गएको छ भने वस्तु निर्यातको वृद्धिदर उच्च रहेको छ, जसको कारण व्यापार घाटा कम भई बाह्य क्षेत्र स्थिरतातर्फ उन्मुख रहेको छ। पर्यटन आगमन तथा कम्पनी दर्ता संख्यामा वृद्धि भएको छ। विद्युत खपत निरन्तर बढ्दै गएको छ। समग्रमा मुलुकको समष्टिगत आर्थिक गतिविधिहरुमा तीव्रता आई अर्थतन्त्रको आकार विस्तार हुँदै गएको छ।

**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा

## वर्तमान आर्थिक परिदृष्य


### संघीय सरकारी खर्च

चालु आर्थिक वर्ष २०७६/७७ को भदौ महिनासम्म संघीय सरकारको कुल खर्च रू. ५९ अर्ब ३९करोड रहेको छ। कुल खर्च मध्ये चालु खर्च रू, ५३ अर्व ६६ करोड, पूँजीगतखर्च रू. ५ अर्व १३ करोड र वित्तीय व्यवस्था रू. ५९ करोड ५३ लाख रहेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरण अन्तर्गत रू. १८ अर्व ४६ करोड बराबरको अनुदान निकासा भएको छ। चालु आर्थिक वर्षको भदौ महिनासम्ममा नगद प्रवाहमा आधारित कुल संघीय सरकारी खर्च भने रू. ४३ अर्व ३१ करोड रहेको छ।

### राजस्व परिचालन

चालु आर्थिक वर्ष २०७६/७७ को भदौ महिनासम्ममा कुल राजस्व परिचालन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १५.८ प्रतिशतले बढेर रू. १३३ अर्व ५५ करोड पुगेको छ। कुल राजस्व परिचालन मध्ये कर राजस्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १४.५ प्रतिशतले बढेर रू. ११९ अर्व ६३ करोड र गैरकर राजस्व २८.३ प्रतिशतले बढेर रू. १३ अर्व ९२ करोड पुगेको छ।

चार्ट (क): आर्थिक वर्ष २०७६/७७ को भदौ महिनासम्मको राजस्व संरचना




स्रोतः अर्थ मन्त्रालय।

http://www.mof.gov.npइमेल:epad@mof.gov.npफोननं.: ०१-४२११३२६फ्याक्सनं. : ०१-४२११३२५

| तालिका (क): राजस्व लक्ष्य र असुलीको विवरण (रु. अर्बमा) | | | | |
|---|---|---|---|---|
| राजस्व शिर्षक | वार्षिक लक्ष्य | राजस्व असुली | | वृद्धि प्रतिशत |
| | | २०७५ भदौसम्म | २०७६ भदौसम्म | |
| भन्सार महशुल | २१३.२० | २४.६७ | २५.६८ | ४.१ |
| मू.अ.कर | ३१५.०१ | ३७.६२ | ४५.३७ | २०.६ |
| आयकर | २८०.३५ | १९.४५ | २४.१७ | २४.३ |
| अन्तशुल्क | १६९.९८ | १८.७६ | २०.४० | ८.७ |
| अन्य # | ३०.६२ | ३.९५ | ४.०१ | १.५ |
| **जम्मा कर राजस्व** | **१००९.१६** | **१०४.४५** | **११९.६३** | **१४.५** |
| **गैरकर राजस्व** | **१०२.८७** | **१०.८५** | **१३.९२** | **२८.३** |
| **कुलराजस्व** | **१११२.०३** | **११५.३०** | **१३३.५५** | **१५.८** |

स्रोतः अर्थ मन्त्रालय।

#यस अन्तर्गत शिक्षा सेवा शुल्क र अन्य कर रहेका छन्। बहालकर र ब्याज करलाई आयकरमा गणना गरिएको छ।

## करको दायरा विस्तार

२०७६ साउन मसान्तसम्म स्थायी लेखा नम्बर लिने करदाताहरुको संख्या २४ लाख ६१ हजार ५सय ४२ रहेकोमा २०७६ भदौ मसान्तसम्म १२.२ प्रतिशतले बढेर २७ लाख ६२ हजार १ सय ३५ पुगेको छ। २०७६ भदौ मसान्तसम्म व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १२ लाख ५६ हजार ९९ तथा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता १५ लाख ४ हजार २ सय ३३ पुगेका छन्। २०७६ भदौ महिनमा मात्र व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता २ लाख ५७ हजार ३ सय ८३ थप भएका छन्। २०७६ भदौ मसान्तसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको संख्या २ लाख ३२ हजार १ सय २० पुगेको छ भने २०७६ भदौ महिनामा मात्र ७ हजार ३ सय १४ नयाँ करदाताहरु मूल्य अभिवृद्धि करमा दर्ता भएका छन्। २०७६ भदौ मसान्तसम्म अन्तःशुल्कमा दर्ता हुने करदातःाको संख्या ८८ हजार ३ सय ४१ पुगेको छ।

| तालिका (ख): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण | | | |
|---|---|---|---|
| दर्ताको प्रकार | २०७६ साउन मसान्तसम्म दर्ता भएका करदाताको संख्या | २०७६ भदौ महिनामा थप भएका करदाताहरुको संख्या | २०७६ भदौ मसान्तसम्म दर्ता भएका करदाताको संख्या |
| व्यावसायिक स्थायी लेखा नम्बर (BPAN) | १२१३५८८ | ४२५११ | १२५६०९९ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | १२४६८५० | २५७३८३ | १५०४२३३ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्वर (WPAN) | ११०४ | ६९९ | १८०३ |
| **जम्मा स्थायी लेखा नम्बर** | **२४६१५४२** | **३००५९३** | **२७६२१३५** |
| मूल्यअभिवृद्धि कर | २२४८०६ | ७३१४ | २३२१२० |
| अन्तःशुल्क | ८२६२८ | ५७१३ | ८८३४१ |

स्रोतः आन्तरिकराजस्वविभाग।

## सार्वजनिक ऋण तथा वैदेशिक सहयोग

२०७६ भदौ मसान्तसम्म संघीय सरकारको तिर्न बाँकी खूद सार्वजनिक ऋण रू. १०६८ अर्ब ११ करोड पुगेको छ। यस अवधिमा तिर्न बाँकी खूद आन्तरिक ऋण रू. ४५३ अर्ब ४९ करोड र वैदेशिक ऋण रू. ६१४ अर्ब ६२ करोड रहेको छ। चालु आर्थिक वर्षको पहिलो दुई महिनामा संघीय सरकारले वैदेशिक ऋण तर्फ सावाँ र ब्याज गरी रू. ७८ करोड ७४ लाख तथा आन्तरिक ऋण तर्फ रू. २अर्ब २४ करोड ब्याज भुक्तानी गरेको छ।

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो दुई महिनामा संघीय सरकारले प्राप्त गरेको वैदेशिक अनुदान गत आर्थिक वर्षको सोही अवधिको तुलनामा

१२५.८ प्रतिशतले बढेर रू. ६ अर्ब ६६ करोड पुगेको छ। त्यसैगरी, यस अवधिमा संघीय सरकारले प्राप्त गरेको वैदेशिक ऋण गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १२२.८ प्रतिशतले बढेर रू. १६ अर्ब ८४ करोड पुगेको छ।

## वैदेशिक सहायता प्रतिबद्धता

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो दुई महिनामा वैदेशिक सहायता प्रतिबद्धता गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २३९.२ प्रतिशतले बढेर रू. १२ अर्ब ३५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो प्रतिबद्धता रू. ३ अर्ब ६४ करोड रहेको थियो। चालु आर्थिक वर्षको भाद्र महिनामा Provincial and Local Governance Support Programme (PLGSP) परियोजनाको लागि रू. ११ अर्ब ४० करोड वरावरको वैदेशिक सहायता प्रतिबद्धता प्राप्त भएको छ। यस अवधिमा प्राप्त भएको कुल वैदेशिक सहायता प्रतिबद्धता मध्ये सवै हिस्सा द्विपक्षीय वैदेशिक अनुदानको रहेको छ।

## वित्तीय क्षेत्र

२०७६ साउन मसान्तसम्म वाणिज्य बैंकको उपस्थिति भएका स्थानीय तहको संख्या ७३६ रहेकोमा थप ३ स्थानीय तहमा बैंकको शाखा विस्तार भई ७३९ पुगेको छ।

## पूँजी बजार

२०७६ भदौ मसान्तमा नेप्से सूचकाङ्क ११५०.७४ विन्दु रहेको छ। गत आर्थिक वर्षको भदौमसान्तसम्म बजार पूँजीकरण रु २९ खर्ब ३६ अर्ब ८१ करोड रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिसम्म गत वर्षको तुलनामा २.६ प्रतिशतले वृद्धि भई रु. ३० खर्ब १३ अर्ब १४ करोड पुगेको छ।साथै चालु आर्थिक वर्षको भदौसम्म कारोबार रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २४.५ प्रतिशतले वृद्धि भई रु.१६ अर्ब ५७ करोड पुगेको छ ।

## समग्र मूल्य स्थिति

चालु आर्थिक वर्ष २०७६/७७ को साउन महिनामा वार्षिक उपभोक्ता मुद्रास्फीति ६.९५ प्रतिशत रहेको छ। यस अवधिमा तरकारी, फलफुल, मसला, मासु र माछा, लुगा तथा जुत्ता, घरायसी उपयोगिताका वस्तु तथा सेवा र शिक्षामा मूल्य वृद्धि उच्च रहेको कारण सो को प्रभाव समग्र मूल्यस्तरमा परेको छ। आर्थिक वर्ष २०७५/७६ को सोही अवधिमा वार्षिक उपभोक्ता मुद्रास्फीति ४.१९ प्रतिशत रहेको थियो।

## बाह्य क्षेत्र

### निर्यात

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो दुई महिनामा कुल वस्तु निर्यात २५.९ प्रतिशतले वृद्धि भई रू. १८ अर्ब ५० करोड १९ लाख पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात ८.०३ प्रतिशतले बढेको थियो। यस अवधिको कुल निर्यात मध्ये भारत, चीन र अन्य देशतर्फ भएको निर्यातको अंश क्रमशः ६५.७ प्रतिशत,१.६ प्रतिशत र ३२.७ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात क्रमशः ५६.६ प्रतिशत, २.४ प्रतिशत र ४१.० प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको भदौ महिनासम्ममा भारत र अन्य देशतर्फको निर्यात क्रमशः ४६.० प्रतिशत र ०.६ प्रतिशतले बढेको छ भने चीनतर्फको निर्यात १७.४ प्रतिशतले घटेको छ।

तालिका (ग): २०७६ भदौ महिनासम्ममा निर्यात भएका मुख्य ५ वस्तुहरु र कुल निर्यातमा अंश

| क्र.सं. | वस्तुको नाम | अंश (प्रतिशत) |
|---|---|---|
| १ | प्रशोधित पाम तेल | १९.५ |
| २ | सेन्थेटिक यार्न | ८.० |
| ३ | उनी गलैंचा कार्पेट | ७.१ |
| ४ | तयारी कपडा | ६.६ |
| ५ | अलैची | ५.५ |
| ६ | अन्य वस्तु | ५३.३ |

स्रोतः भन्सार विभाग, भाद्र २०७६।

### आयात

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो दुई महिनामा कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.२ प्रतिशतले घटेर रू. २ खर्ब २९ अर्ब ५० करोड रहेको छ। कुल आयात मध्ये भारत, चीन र अन्य देशबाट भएको आयातको अंश क्रमशः ६२.४ प्रतिशत, १७.७ प्रतिशत र १९.९ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६२.९ प्रतिशत, १२.५ प्रतिशत र २४.५ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको साउन महिनामा भारत र अन्य देशबाट भएको आयात क्रमशः २.० प्रतिशत र १९.८ प्रतिशतले घटेको छ भने चीनबाट भएको आयात ३९.२ प्रतिशतले बढेको छ। यस अवधिमा अर्ध तयारी कच्चा पदार्थ, सुन, सिमेन्ट क्लिङ्कर, कोइला, चामल लगायतका वस्तुको आयात घटेको छ भने कच्चा पाम तेल, ५० देखि १५० सिसि सम्मका मोटरसाईकल, मोबाईल फोन लगायतका वस्तुको आयातमा बृद्धि भएको छ।

चालु आर्थिक वर्षको पहिलो दुई महिनामा डिजेलको आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.०४ प्रतिशतले बढेर २ लाख २५ हजार ४ सय ५६ किलोलिटर पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आयात १९.२ प्रतिशतले बढेको थियो। त्यसैगरी यस अवधिमा बस, मिनिबस, जीप, कार, भ्यान लगायतका सवारीसाधन (मोटरसाईकल बाहेक) को आयात (संख्यामा) गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १२.७ प्रतिशतले बढेर ९ हजार ३ सय ६६ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या ८ हजार ३ सय १४ रहेको थियो।

| तालिका(ङ):२०७६ भदौ महिनासम्ममा आयात भएका प्रमुख ५ वस्तुहरु र कुल आयातमा अंश | | |
|---|---|---|
| क्र.सं. | वस्तुको नाम | अंश (प्रतिशत) |
| १ | डिजेल | ६.४ |
| २ | एम. एस. बिलेट | ३.३ |
| ३ | तयारी कपडा | ३.२ |
| ४ | पेट्रोल | २.६ |
| ५ | एच.आर. सीट | २.५ |
| ६ | अन्य वस्तु | ८१.९ |

स्रोतः भन्सार विभाग, भाद्र, २०७६।

## व्यापार सन्तुलन

### वस्तु व्यापार

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो दुई महिनामा कुल वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.१ प्रतिशतले घटेर रू. २ खर्ब ११ अर्ब रहेको छ। यस अवधिमा वस्तुको निर्यात बढेको तथा वस्तु आयात घटेको कारण कुल वस्तु व्यापार घाटा घटेको हो। गत आर्थिक वर्षको सोही अवधिमा व्यापार घाटा ४१.२ प्रतिशतले बढेको थियो।

### सेवा

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो महिनामा सेवा आय रू. १३ अर्ब ३७ करोड र सेवा खर्च रू. १६ अर्ब ४९ करोड भई खुद सेवा आय रू. ३ अर्ब १२ करोडले घाटामा रहेको छ, जुन गत आर्थिक वर्षको सोहि अवधिको खुद सेवा आय रू. ३ अर्ब २३ करोडको तुलनामा ३.४ प्रतिशतले घटी हो ।

## विप्रेषण आप्रवाह तथा वैदेशिक रोजगार

आर्थिक वर्ष २०७६/७७ को पहिलो महिनामा विप्रेषण आय २.० प्रतिशतले बढेर रू. ७५ अर्ब ४० करोड पुगेको छ।

आर्थिक वर्ष २०७६/७७ को भदौ महिनासम्ममा वैदेशिक रोजगारमा जानको लागि अन्तिम तथा पुनः श्रम स्वीकृति लिने नेपाली कामदारको संख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५.३ प्रतिशतले बढेर ७१ हजार १ सय १२ पुगेको छ। यस मध्ये अन्तिम श्रम स्वीकृति लिने नेपाली कामदारको संख्या १.५ प्रतिशतले बढेर ३९ हजार १२ पुगेको छ। आर्थिक वर्ष २०७५/७६ को सोही अवधिमा यस्तो संख्या ४१.० प्रतिशतले घटेको थियो। त्यसैगरी, चालु आर्थिक वर्षको भदौसम्ममा पुनःश्रम स्वीकृति लिने नेपाली कामदारको संख्या १०.३ प्रतिशतले बढेर ३२ हजार १ सय पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या ९.८ प्रतिशतले घटेको थियो।

## चालु खाता एवम् शोधानान्तर स्थिति

आर्थिक वर्ष २०७६/७७ को पहिलो महिनामा शोधानान्तर स्थिति रू. ६ अर्ब ५ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा भने शोधानान्तर स्थिति रू. २४ अर्ब ७७ करोडले घाटामा रहेको थियो। त्यसैगरी आर्थिक वर्ष २०७६/७७ को पहिलो महिनामा चालु खाता रू. ९ अर्ब ३७ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा रू. २५ अर्ब १६ करोड रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

२०७६ असार मसान्तमा विदेशी विनिमय सञ्चिति रू. १० खर्ब ३८ अर्ब ९२ करोड रहेकोमा २०७६ साउन मसान्तमा यस्तो सञ्चिति २.५ प्रतिशतले बढेर रु.१० खर्ब ६४ अर्ब ६४ करोड पुगेको छ। आर्थिक वर्ष २०७६/७७ को पहिलो महिनाको आयातलाई आधार मान्दा बैङ्किङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले ८.८ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

## विदेशी लगानी

आर्थिक वर्ष २०७६/७७ को पहिलो महिनामा खुद प्रत्यक्ष विदेशी लगानी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३८७.४ प्रतिशतले बढेर रु. १ अर्ब ४४ करोड रहेको छ । गत आर्थिक वर्षको पहिलो महिनामा यस्तो लगानी ९३.६ प्रतिशतले घटेको थियो।

## विनिमय दर

२०७६ असारमसान्तमा नेपाली रुपैंयाको अमेरिकी डलर १ को खरिद विनिमयदर रू. १०९.३६ रहेकोमा २०७६ भदौ मसान्तमा नेपाली रुपैंया अमेरीकी डलरसँग ४.५ प्रतिशतले अवमूल्यन भई रु. ११४.२६ रहेको छ।

## अन्य आर्थिक गतिविधी

### कम्पनी दर्ता

आर्थिक वर्ष २०७६/७७ को पहिलो दुई महिनामा कम्पनी दर्ताको संख्या गत आर्थिक वर्षको सोही अवधिको ५,६११ मा १.१ प्रतिशतले बढेर ५,६७३ पुगेको छ ।

### पर्यटक आगमन

जनवरी २०१९ देखि अगष्ट २०१९ सम्मको ८ महिनाको अवधिमा नेपाल आउने पर्यटकको संख्या (भारत बाहेक) ८.८ प्रतिशतले बढेर ७ लाख ४० हजार ६ सय ४३ पुगेको छ। जनवरी २०१८ देखि अगष्ट २०१८ सम्मको अवधिमा यस्तो संख्या ६ लाख ८० हजार ९ सय ७४ रहेको थियो। चालु आर्थिक वर्षको पहिलो दुई महिना (जुलाई र अगष्ट) मा नेपाल आउने पर्यटकको संख्या १ लाख ५५ हजार १ सय १२ रहेको छ।

### विद्युत खपत

चालु आर्थिक वर्षको भाद्र महिनासम्म कुल विद्युत खपत गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ८.४ प्रतिशतले बढेर १,२०८.६ गिगावाट घण्टा पुगेको छ। चालु आर्थिक वर्षको पहिलो महिनामा विद्युत खपत गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १३.३ प्रतिशतले बढेर ५८३.६ गिगावाट घण्टा रहेको थियो। यसैगरी, चालु आर्थिक वर्षको भाद्र महिनामा मात्र

६२५.० गिगावाट घण्टा विद्युत खपत भएको छ । गत आर्थिक वर्षको भाद्र महिनामा यस्तो खपत ५५३.० गिगावाट घण्टा रहेको थियो।

## नीतिगत तथा कानूनी राय परामर्श

### कानूनी सुधार तथा राय परामर्श

- अन्तःशुल्क (बिसौं संशोधन) नियमावली, २०७६, राजस्व बोर्ड (गठन) आदेश, २०७६, नवप्रवर्तन शुरुवाती अनुदान कार्यविधि, २०७६ को मस्यौदा तर्जुमा र भन्सार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७६ को मस्यौदा तर्जुमा गरी सहमतिका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको।
- सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक, २०७६, नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयक, २०७६, धितोपत्र सम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक, २०७६ संघीय संसदमा पेश गर्ने प्रयोजनार्थ संघीय संसद सचिवालयमा दर्ता गरिएको।
- निवृत्तभरण कोष ऐन, २०७५ को दफा ३ बमोजिम निवृत्तभरण कोषको स्थापना नभएसम्मको लागि सोही ऐनको दफा २४ बमोजिम निवृत्तभरण कोष संचालनसम्बन्धी कार्य गर्ने निकायको रुपमा कर्मचारी संचय कोषलाई तोक्ने सूचना नेपाल राजपत्रमा प्रकाशन गरिएको।
- भन्सार ऐन, २०६४ को दफा ३ को उपदफा (२) बमोजिम भारतको बरौनि-पटना-मोतिहारी-निनिया हुँदै नेपालको अमलेखगञ्जसम्म नेपाल आयल निगमले पेट्रोलियम पदार्थ पैठारीको लागि बिछ्याएको पाईपलाईनलाई त्यस्तो पदार्थ पैठारी हुने बाटो तोकेको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिएको।
- निवृत्तभरण कोष नियमावली, २०७६ को मस्यौदा र सो सम्बन्धी प्रस्ताव प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको।
- नेपाल चार्टर्ड एकाउण्टेण्ट्स (नवौं संशोधन) नियमावली, २०७६ मा स्वीकृति प्रदान गरिएको।
- नेपाल सरकार मन्त्रीपरिषद् बाट समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ मा समसामयिक संशोधन भएको छ ।

## मन्त्रालयका गतिविधीहरु

(क) सुशासन (व्यवस्थापन तथा सञ्चालन ऐन,२०६४ को दफा ४१(३) अनुसार प्रत्येक वर्ष शासकीय सुधार र सुशासन सम्बन्धमा नेपाल सरकारवाट भए गरेका उल्लेखनीय कामको प्रगति सम्माननीय प्रधानमन्त्रीज्यूले व्यवस्थिका संसदमा पेश गर्ने कानूनी व्यवस्था भए अनुसार अर्थ मन्त्रालयवाट आर्थिक वर्ष २०७५/७६ मा भए गरेका कार्य एवं उपलब्धिहरु सहितको वार्षिक प्रतिवेदन तयार गरि पठाईएको।

(ख) नेपालको संविधान २०७२ को धारा ५३ बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयनका सम्बन्धमा यस मन्त्रालयवाट भए गरेका काम र प्राप्त उपलब्धि सहितको बार्षिक प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइएको।

(ग) कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट अनुरोध भई आएको राष्ट्रिय दुग्ध विकास बोर्डको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन उपर सहमति प्रदान गरिएको।

(घ) माननीय अर्थमन्त्रीज्यूको अध्यक्षतामा निजीकरण समितिको ९०औं बैठक बसी उक्त बैठकबाट भएका निर्णयहरु कार्यान्वयनका लागि श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा अनुरोध गरी पठाइएको।

(ङ) राष्ट्रिय वाणिज्य बैङ्कबाट अनुरोध भई आए बमोजिम उक्त बैङ्कको जोखिम व्यवस्थापन प्रणालीलाई सुदृढीकरण गर्ने सम्बन्धमा उक्त बैङ्क तथा Department for International Development (DFID) को सहायतामा सञ्चालित वित्तीय क्षेत्र स्थायित्व कार्यक्रम बिच समझदारी-पत्रमा हस्ताक्षर गर्ने स्वीकृति प्रदान गरिएको।

(च) नेपालको क्रेडिट रेटिङ्ग गर्ने कार्य अघि बढाउने सिलसिलामा नेपाल सरकारका सम्बन्धित मन्त्रालय तथा सरोकारवाला निकायका पदाधिकारीहरु सहभागी भएको कार्यशाला/प्रशिक्षण कार्यक्रम आयोजना गरिएको।

(छ) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट अनुरोध भई आएको नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७६ उपर राय/प्रतिक्रिया उपलव्ध गराइएको।

(ज) नेपाल सरकारको लगानी भएका सार्वजनिक निकाय (संस्थान, बोर्ड, समिति, प्राधिकरण) हरुको कार्यकारी प्रमुखहरुको प्रचलित तलव,

भत्ता एवं सुविधाका विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न समिति गठन भएको।

## अन्य गतिविधि

### अन्तर-सरकारी वित्त परिषद्को बैठक सम्पन्न

नेपाल सरकार, प्रदेश र स्थानीय तह बीच अन्तर-सरकारी वित्त व्यवस्थापनका विषयमा आवश्यक परामर्श तथा समन्वय गर्न माननीय अर्थमन्त्रीज्यूको संयोजकत्वमा अर्थ मन्त्रालयमा अन्तर-सरकारी वित्त परिषद्को चौंथो बैठकले सशर्त अनुदानमा सञ्चालनमा रहेका अधुरा आयोजनाहरुको समयमै सम्पन्न गर्ने, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा आवश्यक संशोधन गर्ने, स्थानीय तहले आयोजनाहरुका लागि आवश्यक नदीजन्य निर्माण सामग्री सहज रुपमा उपलब्ध गराउने व्यवस्था मिलाउने, प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट लगायत स्थानीय तहको बजेट तर्जुमा, निकासा, खर्च, लेखाङ्कन र प्रतिवेदनका निम्ति तयार भई कार्यान्वयनमा रहेको Subnational Treasury Regulatory Application (SuTRA) को प्रयोग सम्बन्धमा आवश्यक निर्णय सहित सम्पन्न भयो ।

## सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी

- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्यान्वयन समितको बैंठकबाट राष्ट्रिय जोखिम मूल्याङ्कन गर्न सहजीकरण समिति र विभिन्न क्षेत्रगत उपसमितिहरु गठन गरेको ।
- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सम्बद्ध सबै निकायहरुलाई तालिमको आधारभूत पाठयक्रम तयार गरेको ।
- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी रणनीति अन्तर्गत विभिन्न निकायहरुले बनाउनु पर्ने निकायगत कार्ययोजना बनाउन र विभिन्न नियमनकारी निकायले सूचक संस्थालाई जारी गर्ने निर्देशन तयारीमा समेत सहयोग गरेको ।

### भन्सार विभागको नवनिर्मित भवनको उदघाटन

माननीय अर्थमन्त्री डा. युवराज खतिवडाबाट एक कार्यक्रमका बीच भन्सार विभागको नवनिर्मित भवनको उदघाटन सम्पन्न भयो ।



सो क्रममा माननीय अर्थमन्त्रीले भन्सार प्रशासनलाई आधनुनिकीकरण र सूचनाप्रविधिमैत्री बनाउँदै जानु पर्ने र व्यापार सहजीकरणमार्फत निर्यात प्रवर्द्धन गरी व्यापार घाटा कम गर्ने सहयोग पुग्ने गरी काम गर्न भन्सार प्रशासनलाई निर्देशन दिनु भयो ।